बैठक संख्या: ७६

आज मिति २०८२ फागुन २९ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं. कार्यबाहक वडा अध्यक्ष | श्री हरि प्रसाद बास्कोटा | |
| ६) | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७) | ५ नं वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्ष्मिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१) | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

CamScanner

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं.२-** बिर्तामोड नगरपालिकाको आ.ब. २०८२/८३ को वार्षिक स्वीकृत योजना बजेट तथा कार्यक्रम अनुसार विपन्न आवास कार्यक्रम अन्तर्गत बिनियोजित बजेटबाट ३० वटा घर निर्माण गरिने भएकाले प्रत्येक वडाले अति विपन्न घर परिवारमध्ये आफ्नै स्वामित्वमा जमिन भएको तर घर नभएका २/२ परिवार छनौट गरी निजहरुको जग्गा धनी पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र स्थायी बसोबासको सिफारिस समेत संलग्न राखी चैत्र १५ गतेभित्र नगरपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.३ -** मिति २०८२।११।१२ गते बिर्तामोड नगरपालिकाको मे १ ग ५९ नम्बरको ट्रिपरमा बि.न.पा. वडा नं ५ बस्ने वर्ष ६० को टेकनाथ रेग्मी चालक र वर्ष १३ को सक्षम रेग्मी पछाडि सवार भई आएको मे १० प ७१२३ नम्बरको स्कुटर ठोकिएर घाइते भएकाहरुको उपचार बिएण्डसी अस्पतालमा भएकाले अस्पतालको बिल भरपाई अनुसारको उपचार खर्च रकम नगरपालिकाले भुक्तानी गर्ने निर्णय गरियो । साथै घाइतेहरुको उपचारको रकम सम्बन्धित बिमा कम्पनीसँग माग दाबी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ -** सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले बिर्तामोड नगरपालिका क्षेत्रभित्रका भित्री सडकहरुमा रहेका दुर्घटना ग्रस्त क्षेत्र पहिचान गरी वडाहरुले पठाएको विवरण अनुसार उक्त क्षेत्रमा सडक दुर्घटना न्यूनीकरण सम्बन्धी सूचनामूलक होर्डिङ बोर्ड राख्ने निर्णय गरियो ।

**निर्णय नं.५ -** आ.ब. ०८२/८३ का लागि सडक बोर्डबाट प्राप्त बजेटबाट बिनपा वडा नं १ र वडा नं ५ को सिमानामा रहेको एमिटी कलेज अगाडिको सडक लगायत मर्मत गर्नुपर्ने अन्य सडकहरुको मर्मत कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६ -** बिर्तामोड नगरपालिका वडा नं ६ मा रहेको बुट्टाबारी युनाइटेड क्लबले चौथो बुट्टाबारी गोल्डकप प्रतियोगिता आयोजना गरेकोले उक्त गोल्डकपको प्रथम पुरस्कार बापत रु २ लाख रकम बिर्तामोड नगरपालिकाको आ.ब. ०८२/८३ को स्वीकृत बार्षिक बजेट कार्यक्रम अन्तर्गत अन्य लक्षित कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७ -** बिर्तामोड नगरपालिका वडा नं ६ बस्ने सरिमाया विश्वकर्माको पिसाव थैलिमा पथरिया भई तत्कालै अपरेसन गर्नुपर्ने भएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले निजलाई उपचारको लागि रु ४०,०००।– (अक्षेरेपि रु चालिस हजार) र बिर्तामोड नगरपालिका वडा नं ७ बस्ने लिला देवी विश्वकर्माको पाठेघरको क्यान्सर भई उपचाररत रहनु भएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

प्रतिमादेवी भण्डारी प्रसाई
नगर प्रमुख

भएको हुदाँ निजलाई उपचार खर्च बापत ३०, ०००।- (अक्षेरेपि रु तीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८ -** संघीय सरकारको सशर्त बजेटको कार्यक्रम अन्तर्गत झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं ५ धर्मकाटा रोड पश्चिम जिराईट मार्ग हुँदै कनकाई रोड जोड्ने सडक स्तरोन्नतिका लागि रु २५ लाख बजेट प्राप्त भएकोमा उक्त धर्मकाटा रोड पश्चिम जिराईट मार्गको सबै सडक निर्माण भईसकेकाले उक्त बजेटबाट धर्मकाटा रोड पूर्वका जिराईट मार्गमा सडक निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ -** बिर्तामोड नगरपालिकाले संचालन गरिरहेका हेभी इक्वीपमेन्ट तथा गाडीहरु पुरानो भई मर्मतमा अत्याधिक खर्च भईरहेकोले मर्मत गर्दा धेरै खर्च आउने तथा पटक पटक मर्मत गरिराख्नुपर्ने गाडीहरुलाई हाललाई सञ्चालन नगरी ग्यारेजमा राख्ने र अवधी पुगेपछि लिलामको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१० -** बिर्तामोड नगरपालिका वडा नं ५ स्थित देबीहाटको खाली रहेको जमिनमा अर्को व्यवस्था नभएसम्मका लागि सार्वजनिक/निजी सवारी पार्किङका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.११ -** बिर्तामोड नगरपालिका वडा नं २ स्थित रामचोकमा भईरहेको कोइला डम्पिङको कारणबाट स्थानीयमा धुवाँ धुलोले स्वास्थ्य समस्या देखिएको भनि गुनासो आएकाले व्यवस्थित तरिकाले अन्यत्र कोइला डम्पिङ गर्न सम्बन्धित व्यवसायीलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ -** शोक प्रस्तावः- बिर्तामोड नगरपालिकाका नगर उप-प्रमुख श्री नगेन्द्र प्रसाद संगौलाज्यूको ममतामयी माता श्री नरमाया संग्रौलाको मिति २०८२।११।१९ गते भएको असमायिक निधनले सिंगो बिर्तामोड नगर कार्यपालिका स्तब्ध र मर्माहत भएको छ । यस दुखद घडीमा शोकमा रहनु भएका नगर उप-प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौलाज्यू तथा वहाँको परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौ । तथा स्वर्गीय नरमाया संग्रौलाको आत्माको चिरशान्तिको कामना गर्दै वहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौ ।

सागर मिश्र

पवित्रादेवी [illegible] प्रसाई
नगर प्रमुख